National News

ALL INDIA RADIO GANGTOK

19:25 hrs 28.05.2025

---

प्रमुख समाचार :-

- प्रधानमन्त्री नरेन्द्र मोदी भोलि सिक्किम पश्चिम बंगाल, बिहार र उत्तरप्रदेशको भ्रमणमा हुनुहुनेछ । यस अवधिमा उहाँले अनेक विकास- परियाजनाहरूको उद्घाटन, लोकार्पण र शिलान्यास गर्नुहुनेछ ।
- आर्थिक मामिलाहरूको मन्त्रीमंडलीय समितिले 14 खरीफ फसलका न्यूनतम समर्थन मूल्यमा वृद्धिलाई मंजुरी दिएकोछ ।
- आतंकवादबारे भारतको अड़ान स्वष्ट पाने क्रममा विभिन्न सर्वदलीय प्रतिनिधिमण्डलहरू विदेशका विभिन्न ठाउँहरूमा पुगेका छन् ।
- संयुक्त राष्ट्र अन्तर्गत सेवा गर्दै गत वर्ष ज्यान गुमाउने दुई भारतीय शांति सैनिकहरूलाई मरणोपरान्त सम्मानित गरिनेछ ।
- भारतीय मौसम विभागले देशका विभिन्न ठाउँहरूमा भोलि मूसलाधार पानी पर्ने पूर्वानुमान गरेकोछ ।

---

संयुक्त राष्ट्र- शान्ति सैनिक

संयुक्त राष्ट्र अन्तर्गत सेवा गर्दै गत वर्ष ज्यान गुमाउने दुई भारतीय शांति सैनिकहरूलाई मरणोपरान्त सम्मानित गरिनेछ । ब्रिगेडीयर जनरल अमिताभ झा र हवलदार संजय सिंहलाई भोलि संयुक्त राष्ट्र शान्ति सैनिकहरूको अंतर्राष्ट्रिय दिवसको अवसरमा आयोजित एक समारोहमा मरणोपरान्त डैग हैमरशाल्ड पदक प्रदान गरिनेछ ।

---

ITR- अंतिम तिथि

आयकर रिर्टन- ITR दर्ता गर्ने अंतिम तिथि 31 जुलाई देखि सारेर 15 सेप्टेम्बर गरिएकोछ । केन्द्रिय प्रत्यक्ष कर बोर्ड- CBDT को वक्तव्यमा के भनिएकोछ भने, ITR फार्ममा महत्वपूर्ण संशोधन र मानिसहरूलाई आवश्यक कागत- पत्र प्राप्त गर्न समय दिनका लागि यो फैसला

गरिएको हो । करदाताहरूका लागि सहज अनि बढि सतीक सिलिङ सुविधा का लगि महत्वपूर्ण परिवर्तनहरू गरिएकाछन् ।

---

## कैबिनेट

आर्थिक मामिलाहरूको मन्त्रीमण्डलीय समितिले 14 खरीफ फसलका न्यूनतम समर्थन मूला MSP मा वृद्धिलाई मंजूरी दिएकोछ ।

सूचना तथा प्रसारण मन्त्री अश्विनी वैष्णवे आज नयाँ दिल्लीमा भन्नुभयो, सरकारले विपणन सत्र 2025-2026 का लागि खरीफ एम एस पि मा वृद्धि गरेकोछ ।

किसानहरूका लाभकारी मूल्य सुनिश्चित गरियोस भनि यो वृद्धि गरिएको हो ।

मन्त्रीमण्डलले महाराष्ट्र र मध्य प्रदेशमा भारतीय रेलमा दुई मल्टी ट्रेकिङ परियोजनाहरूलाई पनि मंजूरी दिएको छ । तीन हजार तीन सय निनानब्बे करोढ रूपियाँ को अनुमानित लागत भएको यो परियोजनाहरूलाई वर्ष 2029-2030 सम्म पूरा गरिनेछ ।

आर्थिक मामिलाको मन्त्रीमण्डल समितिले डिजाईन- निर्माण वित्त संचालन हस्तान्तरण मोडमा राष्ट्रीय राजमार्ग 67 मा आन्ध्रप्रदेशमा 3 हजार 6 सय 53 करोड़ रूपियाँ भन्दा बढ़ि लागतका 108 किलोमीटर भन् बढ़ि लामो, पलेनको बड़ने- नेल्लोर कोरिडोर को निर्माणलाई मंजूरी पनि दिएकोछ ।

मन्त्रीमण्डलले वर्ष 2025-2026 का लागि संशोधित ब्याज छूट योजना अन्तर्गत ब्याज छूटलाई जारी राख्ने मंजूरी दिएकोछ ।

---

## Mock Drill

पाकिस्तानका सीमासित लागेका जिल्लाहरूमा भोलि नागरिक सुरक्षा अभ्यास आयोजित गरिनेछ । यो अभ्यास गुजरात, राजस्थान, पंजाब र जम्मू कश्मीरमा हुनेछ ।

यस अवधिमा अधिकारीहरूले प्रतिभागीहरूलाई आपातकालीन स्थितिहरूको सामना गर्न, आवश्यक कौशलहरू सीखाउँदै प्रदर्शनहरू अनि प्रशिक्षण सत्रहरू उपलब्ध गराउनेछन् । विभिन्न धार्मिक संगठन सरकारी विभागका स्वयमसेवक र ऐन सि सि कडेट अनि एन एस एस स्वयंसेवकहरूले यस अभ्यास भाग लिनेछन् ।

---

संशो पि एम स्टेट विजिट

प्रधानमन्त्री नरेन्द्र मोदी भोलि सिक्किम, पश्चिम बंगाल, बिहार र उत्तरप्रदेशको दौड़ाहामा हुनुहुनेछ । यस दुई दिवसीय दौड़ाहाको अवधिमा उहाँले अनेक विकास परियोजनाहरूको उद्घाटन, समर्पण र शिलान्यास गर्नुहुनेछ जसको जम्मा लागत 70 हजार करोढ़ रूपियाँ भन्दा बढिछ ।

सिक्किममा,प्रधानमन्त्रीले सिक्किम @50 जहाँ प्रगति उद्देश्यसित भेट र प्रकृतिले विकासलाई पोषण दिन्छ नामक कार्यक्रममा भाग लिनुहुनेछ । उहाँले राज्यमा कैयन विकास परियाजनाहरूको उद्घाटन र शिलान्यास गर्नुहुनेछ साथै यस अवसरमा उपस्थित मानिसहरूलाई सम्वोधित गर्नुहुनेछ । यी परियोजनाहरूमा, नाम्ची जिल्लामा ग750 करोढ़ रूपियाँ भन्दा बढ़ि लागतको 500 ओछ्यानहरू युक्त जिल्ला अस्पताल, गेजिङ जिल्ला पेलिङ स्थित मा यात्री रोपने गान्तोक जिल्लामा सांगखोलामा स्थित अटल अमृत उद्यानमा भारत रत्न अटल बिहारी वाजपायीको अनावरण शामेलछ मोदीले राज्य स्थापनाको 50 वक्ष पूरा भएकोमा एउटा स्मारक जिल्ला अनि हलुका टिकट पनि जारी गर्नुहुनेछ ।

---

सर्वदलीय प्रतिनिधिमण्डल

जनता दल युनाईटेड का सांसद संजय झाको अगुवाईमा संसदीय प्रतिनिधइमण्डल आज इण्डोनेशियाको जकार्ता पुगेकोछ । अहिले सम्म यस प्रतिनिधि मंडलले जापान, दक्षिण कोरिया र सिंगापोरको दौड़ाहा गरेकोछ ।

शिवसेना सांसद श्रीकान्त शिन्देको नेतृत्वमा एक अन्य प्रतिनिधिमण्डलले डेमोक्रेटिक रिपब्लीक अफ कोङगो को यात्रा पूरा गरि सिएका लियोनका लादि प्रस्थान गरेकोछ ।

भारतीय जनता पार्टीका सांसद रवि शंकर प्रसादको अगुवाह्नमा सर्वदलीय प्रतिनिधिमण्डल रोम पुगेकोछ ।

---

## IMD Weather

भारतीय मौसम विभाग, IMD ले भोलि असम मेघालय, ततीय तथा दक्षिण आतंरिक कर्नाटक, केरल, मोह, नगालैण्ड, मणिपुर, मिजोराम, त्रिपुरा, तमिलाड, पुदुच्येरी तथा कराईकालमा भारी देखि मूसलाधार पानी पर्ने पूर्वानुमान गरेकोछ ।

मौसम विभागले अरूणाचल प्रदेश ओडीशा तेलंगाना वश्चिम बेगान र सिक्किममा पनि भोलि मूसलाधार वर्षा हुने सम्भावना जनाएकोछ।

---

## MISRI- Kessler

विदेश सचिव विक्रम मिस्रीले आज अमेरीकाका अंडर सेक्रेटरी जेफी केसलरका साथ भेट गर्नुभयो । यसको उद्देश्य महत्वपूर्ण र उद्यीमान प्रोद्योगिकीहरूमा सहयोगलाई अधाढ़ी बढ़ाउनु रहेकोछ ।

उहाँहरूले भारत – अमरीका रणनीतिक व्यापार संवादको शीघ्र आयोजनाबारे चर्चा गर्नुभयो जसले तकनीक र व्यापारको क्षेत्रमा सहयोगलाई सुदृढ़ गर्न सकियोस ।

---

## राष्ट्रपति- साहित्य सम्मेलन

राष्ट्रपति द्रौपदी मुर्मुले भोलि राष्ट्रपति भवनको सांस्कृतिक केन्द्रमा साहित्य- सम्मेलनको उद्घाटन गर्नुहुनेछ ।

दुई दिवसीय सम्मेलनमा कवि सम्मेलन, भारतको नारीवादी साहित्य, र वैश्विक परिप्रेक्ष्यमा भारतीय साहित्यका नयाँ दिशाहरू जस्ता कैयन सत्रहरू हुनेछन् ।

---